गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

प.स. ०७७।७८

च.न.

मिति २०७७/०६/२७

## सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धी जरुरी सूचना !!!

संघीय आयोजना कार्यान्वयन इकाई/सघन शहरी तथा भवन निर्माण आयोजना २०७७।०७८ को च.नं २०५ मिति २०७७/०५/१५ को पत्रानुसार आ.व. २०७७/७८ मा यस नगरपालिकाको लागि जम्मा १५१ लाभग्राही निर्धारण भइ आएकोमा सुरक्षित नागरिक आवास समन्वय समितिका संयोजकको निर्देशानुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले यस नगरपालिका क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरुले सम्बन्धित वडा कार्यालयवाट निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन भित्र वडा कार्यालयमा बुझाउनु हुन सम्वन्धित सवैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

.................................

हरि प्रसाद शर्मा

प्रमुख प्रशासकिय अधिकृत